कार्यपालिका बैठक संख्या : १३९
अध्यक्षता : श्री हेमकर्ण पौडेल
मिति : २०८०/११/०९ गते, बुधबार

**निर्णय नं. १**

कोशी प्रदेश सरकारद्वारा जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ (४) बमोजिम गठित तह वृद्धि सिफारिस समितिको बैठकको सिफारिस अनुसार स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ४(५) र दफा ८(१७) बमोजिम तह वृद्धि एवं तह मिलानका लागि निर्धारित समयसिमा भित्र यस इटहरी उपमहानगरपालिका कार्यालयमा निवेदन र आवश्यक कागजात पेश गरेका देहाय बमोजिम उल्लेखित निवेदक कर्मचारीहरुको ऐ.ऐनको दफा ४(५) र ८(१७) बमोजिम तह वृद्धि एवं तह मिलान गर्न मनासिव देखिएकाले तह वृद्धि सिफारिस समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**देहाय**

| सि.नं. | कर्मचारीको नाम थर | हाल कायम पद/तह | तह वृद्धि हुने पद |
|---|---|---|---|
| १ | बिक्रम माझी | अ.हे.व/सहायक चौथो | सि.अ.हे.व/सहायक पाँचौ |
| २ | गिरिजा बहादुर भुजेल | बरिष्ठ वैद्य/सहायक पाँचौ | वैद्य निरीक्षक/अधिकृत स्तर छैटौं |
| ३ | नरेश कुमार श्रेष्ठ | सव-इन्जिनियर/पाँचौ | इन्जिनियर/अधिकृत स्तर छैटौं |
| ४ | सन्तोष कुमार रेग्मी | सि.अ.हे.व/पाँचौ | सि.अ.हे.व/अधिकृत स्तर छैटौं |
| ५ | प्रमिला बन्जरा | सि.अ.न.मी/पाँचौ | सि.अ.न.मी/अधिकृत स्तर छैटौं |
| ६ | तीर्थराज गौतम | प्राविधिक/सहायक/पाँचौ | शिक्षा अधिकृत/अधिकृत स्तर छैटौं |
| ७ | प्रेम राई | सहायक/सहायक पाँचौ | अधिकृत/अधिकृत स्तर छैटौं |
| ८ | सुमन पौडेल | सहायक/सहायक पाँचौ | अधिकृत/अधिकृत स्तर छैटौं |
| ९ | लाल बहादुर तामाङ्ग | पशु स्वास्थ्य प्राविधिक/पाँचौ | पशु स्वास्थ्य प्राविधिक/अधिकृत छैटौं |
| १० | रिता कुमारी चौधरी | सि.अ.न.मी/पाँचौ | सि.अ.न.मी/अधिकृत छैटौं |

CamScanner

| | | | |
|---|---|---|---|
| ११ | चन्द्र कुमार लाल कर्ण | ब.क.नि/अधिकृत सातौं | ब.क.नि/अधिकृत आठौं |
| १२ | बाबुराम आचार्य | लेखा अधिकृत/सातौं | लेखा अधिकृत/अधिकृत आठौं |
| १३ | संजिता कार्की | अ.न.मी चौथो | सि.अ.न.मी/पाँचौ |

| सि.नं. | कर्मचारीको नाम थर | हाल कायम पद/तह | तह मिलान हुने पद |
|---|---|---|---|
| १ | सन्तोष ढकाल | अधिकृत/अधिकृत छैटौं | अधिकृत/अधिकृत सातौं |
| २ | सुवास गिरी | इन्जिनियर/अधिकृत छैटौं | इन्जिनियर/अधिकृत सातौं |
| ३ | युगदीप लुइटेल | वातावरण इन्जिनियर/अधिकृत छैटौं | वातावरण इन्जिनियर/अधिकृत सातौं |
| ४ | नोबल किशोर भट्टराई | वातावरण निरीक्षक/अधिकृत छैटौं | वातावरण निरीक्षक/अधिकृत सातौं |
| ५ | कमल राज गिरी | तथ्यांक अधिकृत/अधिकृत छैटौं | तथ्यांक अधिकृत/अधिकृत सातौं |

**निर्णय नं. २**

यस इटहरी उपमहानगरपालिका बाट टेंग्रा खोलाको अतिक्रमित संरचना हटाउने र खोलाको क्षेत्राधिकार खाली गर्ने सन्दर्भमा गठित प्राविधिक कार्यदलले स्थलगत नाप,जाँच गरी प्राप्त भएको प्राविधिक प्रतिवेदन आजको कार्यपालिका बैठकमा छलफल गर्दा टेंग्रा खोलाको इटहरी उपमहानगरपालिकाले बनाएको मापदण्ड बमोजिम खोलाको किनाराबाट दायाँ बायाँ दुवै तर्फ (६) मिटर क्षेत्राधिकारमा निर्माण भएका स्थायी र अस्थायी संरचना हटाउने र खोलाको पानीको बहाब न्युनतम ३० फिट कायम गर्ने निर्णय गरियो । साथै उक्त खोलाको क्षेत्राधिकार भौगोलिक बनावटको आधारमा ऐलानी,पर्ती जग्गा देखिएमा उक्त क्षेत्रलाई समेत संरक्षण गर्ने र सम्बन्धित वडाको वडा अध्यक्ष ज्यूहरु लगायत वडा सदस्य ज्यूहरुले नगर सँग समन्वय गरी कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३**

क) राष्ट्रिय भुमिहिन,दलित,भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको व्यस्थापनका लागि राष्ट्रिय भुमि आयोगद्वारा राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित सुचना अनुसार छुट भएका व्यक्तिहरुले २०८० फागुन १ गतेबाट ३५ दिनभित्र वडा कार्यालय मार्फत फारम

CamScanner

संकलन गर्ने र यस अगावै संकलन भएका फारमहरु वडाबाट प्रमाणित गरी नगर कार्यपालिकाको कार्यालयमा कम्प्युटरमा प्रविष्टीकरण गर्ने/गराउने निर्णय गरियो ।

ख) नेपाल सरकारद्वारा आगामी २०८० फागुन १५ गते देखि २०८०।११।२४ गते सम्म सञ्चालन गरिने दादुरा रुबेला खोप अभियानलाई यस उपमहानगरपालिका क्षेत्रमा सफलतापुर्वक सम्पन्न गर्न आवश्यक सहयोग समन्वय गर्ने निर्णय गरियो ।

ग)यस इटहरी उपमहानगरपालिका मातहत आपत्तकालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

घ) बुढी खोलाको आवादी क्षेत्रबाट खोलाजन्य पदार्थहरुको उत्खनन तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको कार्यसुची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

ङ) इटहरी उपमहानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

च) इटहरी उपमहानगरपालिका वडा नं. १७ को पकली चौक हुँदै वहने शेरा खोलामा छैठ पर्व मनाउने स्थल निर्माण गर्नका लागि लागत स्टमेटका आधारमा चालु आर्थिक बर्षबाट नै सञ्चालन गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

छ) इटहरी उपमहानगरपालिका वडा नं ३ प्रगति टोल निवासी बिनोद राईको घर/गोठमा आगलागी भई क्षतिग्रस्त भएकोमा नीजको परिवार मालती राईलाई प्रहरी प्रतिवेदनको आधारमा राहत स्वरुप रु १,००,०००।०० (अक्षरेपी एक लाख रुपैंया मात्र । ) प्रदान गरिएकोमा उक्त आर्थिक सहायता रकम अनुमोदन गर्ने निर्णय गरियो ।